सरावल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः २०८१/८२

च.नं.

मिति २०८१/०५/०७

## ठेक्का सम्झौता अन्त्य किन नगर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना ।

तपसिलमा उल्लेखित निर्माण व्यवसायीले यस कार्यालयसँग निम्नानुसारको निर्माण कार्य गर्ने सम्झौता गरि सम्झौता बमोजिम तोकिएको समय भित्र निर्माण कार्य सम्पन्न नगरेको हुँदा निर्माण कार्य सम्पन्न गर्नको लागि यस अघि पनि पटक/पटक लिखित पत्र (मिति २०८०/१२/१५ २०८१/०१/२०, २०८१/०२/२१) तथा मौखिक निर्देशन मार्फत आग्रह गर्दा समेत लामो समयसम्म निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाएको/ प्रयास गरेको नदेखिएको तथा कार्यालयले लेखेको लिखित पत्रको हालसम्म विश्वासनीय जवाफ नदेखिएको साथै जवाफ मार्फत उपलब्ध गराएको Revised Work Schedule पेश गरी सो बमोजिम कार्य सम्पन्न गर्ने प्रयास समेत नगरेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र ठेक्का सम्झौताको शर्त बमोजिम ठेक्का सम्झौता किन नतोड्ने ? ठेक्का नतोड्नु पर्ने कुनै मनासिब कारण भएमा आजका मितिले सात (७) दिन भित्र विश्वासनीय कार्यतालिका र स्पष्टीकरण सहित यस कार्यालयमा आधिकारिक प्रतिनिधि उपस्थित हुन सूचित गरिन्छ । अन्यथा यसै सूचनालाई अन्तिम ताकेता मानी ठेक्का सम्झौताका शर्तहरु, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम ठेक्का सम्झौता रद्द गरि तत्पश्चात गरिने कानूनी कारवाहीको प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | कार्य सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|
| १ | 06/SRM/NCB/2080/81 | जनता मा.वि. भुजहवा पूर्वाधार निर्माण | अश्वी निर्माण सेवा काठमाडौं १० | २०८०/१०/१५ | २०८१/०२/१५ |

२०८१/५/७

विशाल मिश्रा

प्रमुख प्रशासकीय अधिकृत